मध्यपुर थिमि नगरपालिकाको आठौं नगरसभा २०८० साल
असार १० गते आइतबार
नगर उपप्रमुख श्री विजयकृष्ण श्रेष्ठले
प्रस्तुत गर्नु भएको

# आर्थिक वर्ष २०८०/८१ को
# वजेट वक्तव्य

मध्यपुर थिमिनगरपालिका
भक्तपुर
बागमती प्रदेश
www.madhyapurthimimun.gov.np

**मध्यपुर थिमि नगरपालिकाको आठौं नगरसभा २०८० साल असार १० गते नगर उपप्रमुख श्री विजयकृष्ण श्रेष्ठज्यूबाट प्रस्तुत गरिएको आ.व. २०८०।०८१ को वजेट वक्तव्य ---------- 1**

**१.चालु आर्थिक वर्ष २०७९। ८० को प्रगति समीक्षा ---------- 2**

*१.१ पूर्वाधार तर्फ ---------- 2*

*१.२ आर्थिक वर्ष २०७९/८० मा पारित नीति, नियम, ऐन र कार्यविधि :---------- 2*

*१.३ आम्दानी र खर्च तर्फ---------- 3*

*१.४ सामाजिक विकास तर्फ ---------- 3*

*१.४.१ शिक्षा ---------- 3*

*१.४.२ खेलकुद---------- 4*

*१.४.३ स्वास्थ्य ---------- 4*

*१.४.४ सामाजिक सुरक्षा तर्फ ---------- 5*

*१.४.५ महिला ---------- 5*

*१.४.६ बालबालिका ---------- 5*

*१.४.७ अपाङ्गता भएका व्यक्ति ---------- 5*

*१.४.८ जेष्ठ नागरिक---------- 6*

*१.५ आर्थिक विकास ---------- 6*

*१.५.१ कर, राजस्व ---------- 6*

*१.५.२ पर्यटन कला धर्म संस्कृति ---------- 6*

*१.५.३ आय आर्जन र रोजगारी ---------- 6*

*१.५.४ सहकारी---------- 7*

*१.५.५ कृषि तथा पशुपन्छी---------- 7*

*२.१ वन वातावरण विपद् व्यवस्थापन ---------- 7*

*२.१.१ खानेपानी तथा सरसफाई---------- 7*

*३.१ सुशासन तथा संगठन विकास ---------- 8*

*३.२ न्यायिक समिति ---------- 8*

**२. नगरपालिकाको विकासका चुनौतीहरू तथा संभावना---------- 9**

२.१ नगरपालिकाको विकासका चुनौतिहरू ---------- 9

२.२ नगरपालिकाको विकासका अवसर र सम्भावनाहरू ---------- 9

**वजेटका मार्गदर्शक सिद्धान्त---------- 10**

**३.वजेट, नीति तथा कार्यक्रमका उद्देश्यहरू---------- 10**

३.१ वजेटका उद्देश्यहरू ---------- 10

३.२ नगर विकास योजनाका प्रमुख नीतिहरुः---------- 10

**४.योजना छनौटका आधारहरू ---------- 10**

**५.आ.व .२०८०/८१ को आम्दानी र खर्चको संक्षिप्त विवरण---------- 11**

**६. आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकामा संचालन हुने प्रमुख कार्यक्रमहरू ---------- 12**

६.१ संगठन संरचना एवं व्यवस्थापन सम्बन्धी ---------- 12
६.२ वित्तीय व्यवस्थापन---------- 12
६.३ श्रोत परिचालन तथा व्यवस्थापन ---------- 13
६.४ पर्यटन, संस्कृति, सम्पदा विकास ---------- 14
६.५ योजना तथा कार्यक्रम तर्फ ---------- 14
६.६ कृषि, वन,वातावरण तथा विपद् व्यवस्थापन ---------- 14
६.७ उपभोक्ता हक हित संरक्षण ---------- 15
६.८ लक्षित वर्ग सम्बन्धी निर्णय ---------- 15
*६.८.१ महिला---------- 15*
*६.८.२ बालबालिका---------- 15*
*६.८.३ अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धमा ---------- 15*
*६.८.४ जेष्ठ नागरिक सम्बन्धी---------- 16*
६.९ पूर्वाधार निर्माण सम्बन्धी ---------- 16
*६.९.१ सडक: ---------- 16*
*६.९.२ शहरी विकास ---------- 16*
*६.९.३ खानेपानी, ढल निकास तथा सरसफाई---------- 16*
६.१० गैरसरकारी ---------- 16
६.११ स्वास्थ्य---------- 16
६.१२ विद्युत: ---------- 17
६.१३ शिक्षा तथा खेलकुद: ---------- 17
*६.१३.१ युवा रोजगारी ---------- 17*
६.१४ सुशासन तथा संस्थागत विकास ---------- 17
६.१५ सूचना प्रविधि सम्बन्धी ---------- 18
**७. आ.व .२०८०/०८१ का लागि नगरपालिकाले पारितगरेका विशेष प्रस्तावहरू---------- 18**

**मध्यपुर थिमि नगरपालिकाको आठौं नगरसभा २०८० साल असार १० गते नगर उपप्रमुख श्री विजयकृष्ण श्रेष्ठज्यूबाट प्रस्तुत गरिएको आ.व. २०८०।०८१ को वजेट वक्तव्य**

मध्यपुर थिमि नगरपालिकाको आठौं नगरसभाका अध्यक्ष तथा मध्यपुर थिमि नगरपालिकाको श्रद्देय नगरप्रमुखज्यु, सभाका सभासदज्युहरु, सभाका सचिव, राष्ट्रसेवक कर्मचारी लगायत सभामा उपस्थित सञ्चारकर्मी मित्रहरु

सांस्कृतिक सम्पदाले भरिपूर्ण सुन्दर ,शिल्पी नगरी मध्यपुर थिमि नगरपालिकाको गौरवमय यस नगरसभा समक्ष आर्थिक वर्ष २०८०/८१ को बार्षिक वजेट, आय व्यय विवरण, आर्थिक विधेयक २०८०, विनियोजन विधेयक तथा आर्थिक वर्ष २०७९/८० को नीति तथा कार्यक्रम, वजेटको समिक्षा, त्यसबाट प्राप्त उपलब्धिको बिषयमा यस गौरवमय सभामा प्रस्तुत गर्न पाउँदा मैले गौरवको अनुभूती गरेको छु ।

म सर्वप्रथम देशका ती महान सहिद प्रति हार्दिक श्रद्दासुमन अर्पणगर्दै, बेपत्ता, घाईते रहनु भएका समस्त वीर योद्धाहरु प्रति हार्दिक सम्मान व्यक्त गर्न चाहन्छु जसले देशको व्यवस्था, अवस्था बदल्न आफ्नो जीवन उत्सर्ग गर्नुभयो । उहाँहरुको पदचापमा अग्रसर रही देश र जनताको सेवामा निरन्तरता दिने प्रण गर्दछु ।

संघीय गणतन्त्रात्मक मुलुकको दोस्रो कार्यकालको जनप्रतिनिधिको रुपमा सपथ लिदै गर्दा देश र जनताको निस्वार्थ रुपमा सेवा गर्ने प्रतिवद्धता व्यक्त गरे अनुरुप जनताले दिएको अभिमत अनुसार फरक फरक दलबाट प्रतिनिधित्व गरे पनि हामी सम्पुर्ण जनप्रतिनिधिहरु एकढिक्का रही जनताको सेवामा लागि रहेका छौं । जस अनुरुप तात्कालिन सातौं नगरसभाबाट सर्वसम्मतिबाट पारित नीति तथा कार्यक्रम जनमैत्री रहेको सकारात्मक सन्देश प्राप्त भएको छ ।

ऐतिहासिक, सांस्कृतिक, धार्मिक, कृषि क्षेत्रमा प्रचुर सम्भावना भएको र व्यापक शहरीकरण हुदै गएको यस नगरपालिकाले आ.व.२०८०/८१ को लागि **“गुणस्तरीय सामाजिक, भौतिक पुर्वाधार, व्यवसायिकरणको साथमा समृद्ध मध्यपुर निर्माणको आधार”** भन्ने दृष्टिकोण तय गरेको व्यहोरा यस गौरवमय सभा समक्ष प्रस्तुत गर्दछु ।

(१) प्राविधिक दृष्टिले उपयुक्त र सामाजिक रुपमा सन्तुलित एवं राजनैतिक रुपमा स्वीकार्य विकास प्राप्तिका लागि समन्वय, कायम गर्दै विकासका साझा गन्तव्य, प्राथमिकता चयन गर्नुपर्ने विशिष्ट अवस्था, नगरवासीहरूको सन्तुलित विकासको बढ्दो अपेक्षा, स्थिर आन्तरिक श्रोत, संघीय अनुदानमा निर्भर विकास कार्यहरू गर्नुपर्ने अवस्थाका बीच आ.व. २०८०/८१ को वजेट तथा कार्यक्रम यस गरिमामय सभामा प्रस्तुत गर्न गइरहेको छु ।

(२) आ.व. २०८०/८१ को वजेट तथा कार्यक्रम तय गर्दा नगरपालिकाको आन्तरिक आय, नेपाल सरकार तथा प्रदेशबाट प्राप्त हुने समानीकरण, सशर्त, सम्पूरक र विशेष अनुदानमा बढोत्तरी नभएको अवस्था, राजस्व वाँडफाँड लगायतका श्रोतहरूमा अपेक्षाकृत वृद्धि नहुँदा प्राथमिकतामा राखिएका विकास योजनाहरू कार्यान्वयन गर्न भएको असहजताको तीतो वास्तविकता हाम्रा सामु छ।

(३) मध्यपुर थिमि नगरपालिकाको इतिहासमानै विशेष अनुदान पहिल्लो पटक प्राप्त भएको छ । हामिले नीति तथा कार्यक्रममा शिक्षा र स्वास्थ्यलाई प्राथमिकतामा राखे अनुरुप वजेट पनि त्यहि रुपमा माग गरेका थियौं । यो वर्ष संघ सरकारको विशेष अनुदानतर्फ शिक्षा र स्वास्थ्यमा २ करोड ३० लाख विनियोजन भएको छ भने प्रदेश सरकारबाट विशेष अनुदानतर्फ शिक्षा र स्वास्थ्यमा गरी कुल १ करोड वजेट विनियोजन भएको अवस्था छ । आ.व.२०७९/८० मा प्रदेश सरकारबाट विद्यालय बस आदर्श मावि लायकुलाई प्राप्त भएको छ भने, आ.व.२०८०/८१ को लागि गणेश मावि नगदेशलाई विद्यालय बस खरिदका लागि २५ लाख वजेट प्रदेश सरकार सामाजिक विकास मन्त्रालयबाट विनियोजन भएको छ ।

(४) यस्तै आर्थिक वर्ष २०८०/८१ को वजेट नीति तथा कार्यक्रम तय गर्दा हामीले हाम्रो नगरपालिकामा असन्तुलित विकासको कारण अझै पनि शिक्षा, स्वास्थ्य, भौतिक पूर्वाधार लगायतका क्षेत्रमा अपेक्षा प्रतिकूल अवस्थालाई प्रत्यक्ष

हेरेर तद्अनुरुप संवोधन गर्ने प्रयास गरेका छौं । यसले सन्तुलित र समतामूलक विकासको आधार तयार गर्दै **"समुन्नत नगर, सवल स्थानीय सरकार"** को अवधारणालाई मूर्तरुप दिने अपेक्षा गरिएको छ ।

सभाध्यक्षज्यू,

अब म चालु आ.व. २०७९।०८० को असार ८ गते सम्मको प्राप्त प्रगतिको समीक्षा प्रस्तुत गर्न अनुमति चाहन्छु ।

## १. चालु आर्थिक वर्ष २०७९। ८० को प्रगति समीक्षा

(१) अब म चालु आर्थिक वर्ष २०७९/८० को असार ८ गते सम्मको मध्यपुर थिमि नगरपालिकाको समग्र विकास निर्माणका कार्यहरूको संक्षिप्त पुनरावलोकन गर्ने अनुमति चाहन्छु ।

(२) प्रचलित कानून बमोजिम नगरपालिकाको वजेट प्रस्तुत गर्दा चालु आर्थिक वर्ष २०७९।८० को असार ८ गते सम्मलाई आधारमानी आर्थिक, भौतिक तथा वित्तीय प्रगतिहरू प्रस्तुत गरिएको छ ।

(३) आर्थिक वर्ष २०७९/८० को असार ८ गते सम्मको यस अवधि भित्र यस नगरपालिकामा मुख्यतः पूर्वाधार निर्माण एवं शैक्षिक गुणस्तर वृद्धि, प्रकोप व्यवस्थापन, सडकको स्तरवृद्धि, कृषि तथा पशुपन्छी विकास कार्यक्रम, लक्षित वर्गको सशक्तिकरण एवं क्षमता विकासर जनस्वास्थ्य सम्बन्धी विभिन्न कार्यक्रमहरूसम्पन्न भएका छन्  जसको म यहाँ संक्षिप्त विवरण राख्न चाहन्छु।

### *१.१ पूर्वाधार तर्फ*

(१) **घर नक्सा पासः** प्लिन्थ लेबल अनुमति २९१, नक्सा दर्ता ४६१, नक्सा पास ४०३, अभिलेखिकरण र नियमित दर्ता ३७५, नियमित अभिलेखिकरण सम्पन्न स्विकृति ५८, निर्माण सम्पन्न दर्ता १०३२, निर्माण सम्पन्न स्विकृति ५७१, निर्माण सम्पन्न अभिलेखिकरण २४४ र नामसारी दर्ता २१७ र नामसारी स्विकृति २१० गरी राजश्व संकलन भवन निर्माणको नियमित, अभिलेखिकरणको अभियानबाट हालसम्म रू. ४ करोड १७ लाख ५७ हजार राजस्व संकलन भएको छ ।

(२) **मध्यपुर उज्यालो अभियानः** अन्तर्गत मध्यपुर क्षेत्रभित्र पेटी रहेका सम्पूर्ण सडकमा Smart Light जडानका लागि नेपाल विद्युत प्राधिकरणसँग सम्झौता भएको जस अन्तर्गत अरनिको राजमार्गमा सडक बत्ति जडान भइसकेको छ । जसको लागी ३ करोड ५० लाख विनियोजन गरिएको छ ।

(३) **स्ववासी पुर्जाः** नगरपालिका भित्र स्ववासीका रुपमा रहेका नगरवासीलाई पुर्जा वितरणको कार्यक्रम शुरुवात गरिएको जस अन्तर्गत हालसम्म करिव २,४०० वटा पुर्जा वितरण भएको नापी टोलीबाट जानकारी प्राप्त भएको छ । नाप नक्सा बाँकी रहेको क्षेत्रमा नक्सांकनको लागी सम्बन्धित निकायसँग निरन्तर पहल भइरहेको छ ।

(४) **व्यवस्थित जग्गा विकास आयोजनाः** २०५६ साल देखि नक्सा पास रोक्का रहेको बुढाथोकी, काँलाडोल, मनोहरा फाँट बोडे तथा २०७७ साल देखि रोक्का रहेका कौंला फाँट, विसंतकी, राधेराधे, कुण्डोल र गाँखु क्षेत्रमा एकिकृत जग्गा विकास योजना सञ्चालन गर्ने गरी प्रारम्भिक सम्भाव्यताको कार्य अगाडी बढेको छ ।

(५) व्यवस्थित बस्ती विकासका लागि स्वीकृत नलिएका निजी जग्गा विकास आयोजनाका जग्गा रोक्का गरिएको छ ।

### *१.२ आर्थिक वर्ष २०७९।८० मा पारित नीति, नियम, ऐन र कार्यविधि :-*

(१) स्वास्थ्य ऐन, २०७९

(२) शिक्षा ऐन, २०७९

(३) सहकारी ऐन, २०७९

(४) विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७९

(५) नेपाल कोरिया मैत्री नगर अस्पताल आकस्मिक कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०७९

(६) मौलिक नाम अभिलेखिकरण तथा प्रतिस्थापन समिति सञ्चालन कार्यविधि-२०७९

(७) अनुदान तथा औषधो उपचार कार्यविधि -२०७९

(८) उपभोक्ता समिति मार्फत सार्वजनिक निर्माण कार्य गराउने सम्बन्धी कार्यविधि, २०७९

(९) जेष्ठ नागरिक स्वास्थ्य बीमा कार्यविधि-२०७९

(१०) लैंगिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७९

(११) भौतिक पूर्वाधार विकास तथा निर्माण सम्बन्धी विनियमावली (मापदण्ड) २०५७ (दोस्रो संशोधन २०७९)

(१२) न्यायीक समितिको कार्यविधि सम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७९

(१३) आधारभूत सरसफाइ तथा फोहोरमैला व्यवस्थापन विधेयक २०७९

(१४) बस्ती विकास तथा जग्गा एकिकरण ऐन २०७७ लाई संशोधन गर्न बनेको विधेयक २०७९

### *१.३ आम्दानी र खर्च तर्फ*

राजस्व परिचालनतर्फ

(१) संघीय अनुदान तर्फ २०८० असार ८ गते सम्मको समानीकरण तर्फ रु. २१ करोड १६ लाख ६२ हजार, शसर्त चालु तर्फ रु २१ करोड ४८ लाख ८९ हजार र शसर्त पुँजीगत तर्फ ३६ लाख, र राजस्व बाँडफाँड रु. १८ करोड ५ हजार गरी जम्मा रु. ६१ करोड १ लाख ५६ हजार र प्रदेश अनुदान तर्फ समानीकरण रु. २ करोड ४३ लाख ८० हजार, शसर्त चालु रु २ करोड २५ लाख ४० हजार, प्रदेश समपुरक रु. २ करोड १२ लाख ९६ हजार तथा राजस्व बाँडफाँड रु. २ करोड ७५ लाख ७ हजार गरी जम्मा रु. ९ करोड ५७ लाख २० हजार गरी कुल रु. ७० करोड ५८ लाख ७६ हजार प्राप्त भएको छ।

(२) चालु आर्थिक वर्षको असार ८ गतेसम्ममा आन्तरिक स्रोत तथा बैंक मौज्दात समेत जम्मा रु ७३ करोड २ लाख ९१ हजार र स्थानीय राजस्व बाँडफाँडबाट रु १७ लाख ८६ हजार गरी जम्मा रु ७३ करोड २० लाख ७७ हजार आन्तरिक राजस्व संकलन भएको छ। साथै लागत सहभागिता बाट रु. ८ लाख ५० हजार प्राप्त भएको छ।

(३) चालु खर्च तर्फ रु. ४१ करोड ४१ लाख २१ हजार खर्च प्रतिसत ६२.६९ रहेको छ र पुँजीगत तर्फ रु. ३८ करोड ९३ लाख ९६ हजार खर्च प्रतिशत ३५.०४ रहेको छ।

### *१.४ सामाजिक विकास तर्फ*

१.४.१ *शिक्षा*

(१) वेरोजगार युवाहरुलाई १० महिने तालिम सञ्चालनका लागि प्रक्रिया सम्पन्न हुन लागेको छ।

(२) उत्कृष्ट विद्यालयलाई सम्मान कार्यक्रम नगरपालिकाको बार्षिक उत्सवमा सम्पन्न :- सामुदायिक तर्फ :-श्री गणेश मा.वि. नगदेश र संस्थागत तर्फ:- ट्रि-स्टार इङ्गलिस सेकेन्डरी स्कुललाई सम्मान पत्र प्रदान गरिएको।

(३) शिक्षकहरुको हाजिरी अनलाइनमा सुरु भएको र हाजिरीको नगरपालिकाबाट अनुगमन गर्ने कार्य सुरु भएको।

(४) ६ दिने स्काउट तालिम सामुदायिक तथा संस्थागत विद्यालयका स्काउट शिक्षकहरु लाई मध्यपुर थिमिनगरपालिकामा प्रथम पटक स्काउटको BTC र PTC तालिम सम्पन्न ५१ जना नयाँ स्काउटर तयार भएको।

(५) हालसम्म सामुदायिक र निजी विद्यालय गरी जम्मा १९ वटा विद्यालयमा स्काउट ट्रुप स्थापना भईसकेको छ।

(६) शिक्षा ऐन अनुरुप मासिक शुल्क, भर्ना शुल्क र वार्षिक शुल्क कायम राख्न संस्थागत विद्यालयलाई सुचित गरिए अनुरुप कार्यान्वयन भइरहेको र शुल्क तथा भर्ना अनुगमन समिति मार्फत अनुगमन भइरहेको

(७) बाल विकास कक्षामा अध्ययनरत सबै बालकालिकालाई स्टेशनरी सामाग्री वितरण गरिएको

(८) मन्टेश्वरीमा आधारित पूर्व प्राथमिक कक्षा सञ्चालन सम्बन्धी ३० जना शिक्षकका लागि इसिडि तालिम सम्पन्न भएको

(९) माध्यमिक विद्यालय स्तरीय विज्ञान प्रदर्शनी प्रतियोगिता सम्पन्न भएको

(१०) सामुदायिक विद्यालयहरुमा पूर्व प्राथमिक कक्षालाई दुई वर्षको बनाउने कार्यको शुरुवात भएको

(११) वडा नं ३ स्थित आस्था महिल विद्यालयलाई आर्थिक सहयोग तथा शैक्षिक सामाग्री वितरण गरिएको

(१२) शिक्षकहरुका लागि एकिकृत पाठ्यक्रम सम्बन्धी ७ वटा समुहमा दुई दिने तालिम सम्पन्न भएको

(१३) विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, शिक्षक अभिभावक संघका अध्यक्ष एवं प्र अहरुको लागि दुई दिने क्षमता विकास तालिम सम्पन्न भएको

(१४) कक्षा ४ देखि ८ कक्षा सम्म पढाउने गणित शिक्षकहरुका लागि दुई दिने तालिम सम्पन्न भएको

(१५) आधारभुत तह (कक्षा ६ देखि ८) र माध्यमिक तहमा गणित विज्ञान पढाउने शिक्षकहरुका लागि दुई दिने तालिम सम्पन्न भएको

१.४.२ *खेलकुद*

(१) फुटबल खेलको विकासको लागि विगत २० वर्ष देखि हुन नसकेको मध्यपुर फुटबल लिग प्रतियोगिता आयोजनाको गरिएको

(२) नवौ राष्ट्रिय खेलकुद, जिल्ला तथा नगर खेलकुद प्रतियोगितामा सहभागी जनाई पदक विजेता खेलाडीहरुलाई सम्मान गरिएको

(३) बडिबिल्डङ, बुद्धिचाल, ब्याडमिन्टन, कराते, फुटसल लगायत प्रतियोगिताहरु संचालनका लागि सहकार्य तथा सहयोग गरिएको

(४) प्रथम पटक नगरपालिका स्तरिय राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगिता सम्पन्न समग्र जिल्ला स्तरीय राष्ट्रपती रनिङ्ग शिल्ड प्रतियोगितामा मध्यपुर थिमिनगरपालिकाले दोस्रो स्थान हासिल गरिएको

(५) अपाङ्गता भएका बालबालिकाहरुको खेलकुद प्रतियोगिता सञ्चालन गरिएको

(६) मध्यपुर युथ एसोसिएसनसँगको सहकार्यमा मध्यपुर थिमिनगरपालिकास्तरिय विद्यालय कप सञ्चालन भएको

१.४.३ *स्वास्थ्य*

(१) आर्थिक वर्ष २०७९/८० मा नगरप्रमुखबाट प्रस्तुत गरिएको नीति तथा कार्यक्रममा १८ वटा कार्यक्रम सञ्चालन गर्ने योजना लिइएकोमा ११ वटा कार्यक्रम सम्पन्न भईसकेको छ। जुन कूल योजनाको प्रगति दर ६१ प्रतिशत रहेको छ।

(२) जेष्ठ नागरिक स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत ६० वर्ष नाघेका र ७० वर्ष नपुगेका जेष्ठ नागरिकको ५ जनासम्म परिवारको निशुल्क विमा गर्ने व्यवस्था गरिएको छ।

(३) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा डायलासिस सेवा शुरु गरिएको छ।

(४) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा एन्जियोग्राम सहितको सिटि स्क्यान शुरु गरिएको छ।

(५) ब्लड ब्याङ्क स्थापनाको लागि भवन निर्माणको चरणमा रहेको छ।

(६) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालका लागि रु. ३ करोड ५० लाखको आकस्मिक कोषको व्यवस्था रहेको छ।

(७) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा आधुनिक डन्ट चिकित्सा सेवा विस्तार गरिएको छ।

(८) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा भौतिक पूर्वाधार विकासको लागि यस आ.वमा ९ करोड ५० लाख वजेट व्यवस्थापन गरिएको छ।

(९) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालमा भौतिक पूर्वाधार तथा उपकरण व्यवस्थापनको लागि दक्षिण कोरिया सरकार, कोइकाबाट १ अर्ब ३० करोड बराबरको सहयोग प्रतिबद्धता प्राप्त भएको छ।

(१०) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालले चाँगुनारायण अस्पताललाई विशेषज्ञ सेवा उपलब्ध गराउने सम्झौता भएको छ।

(११) आँखा उपचारमा विशेषज्ञ सेवा बिस्तार गर्ने योजना अनुरूप बि पि आई सँग सहमती भएको छ।

(१२) रक्तदान कार्यक्रम प्रवद्र्धन तथा निःशुल्क रगतको व्यवस्था। नगरपालिकासंग समन्वय गरि नगर क्षेत्रका विभिन्न स्थानमा संचालन भएको रक्तदान कार्यक्रम अन्तर्गत १०२६ जना व्यक्तिहरुले रक्तदान गरिएको। नगरपालिका क्षेत्रका २९० जना विरामीहरुलाई निःशुल्क रगतको व्यवस्था।

(१३) महिला स्वंमसेविकाको सम्मान स्वरुप अवकास लिएका २३ जना महिला स्वास्थ्य स्वंमसेविकाहरुलाई जनही रु एक लाख सहित विदाई गरिएको

(१४) थप ३ वटा शहरी स्वास्थ्य केन्द्रको स्थापना गरी जम्मा १० वटा शहरी स्वास्थ्य केन्द्र बिस्तार गरिएको

(१५) डेंगु लगायतका किटजन्य रोगहरूको नियन्त्रणका लागि समुदायमा अभियान सञ्चालन भएको जस अन्तर्गत मध्यपुर थिमिभक्तपुर जिल्लामा उत्कृष्ट रहेको

(१६) महिलाहरुको स्तन तथा पाठेघर क्यान्सर रोग सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको

(१७) किशोर किशोरीहरुको मनोसामाजिक स्वास्थ्य सम्बन्धी कार्यक्रम सञ्चालन गरिएको

(१८) आयुर्वेदिक स्वास्थ्य सेवा वडा नं ६ मा विस्तार गरिएको र सबै वडामा बिस्तार गर्ने योजना रहेको

(१९) नेपाल कोरिया मैत्री नगरपालिका अस्पतालमा अत्याधुनिक दन्त सेवा, छाला सम्बन्धित रोगको कस्मेटिक उपचार पध्दतिको विस्तार गरिएको छ।

१.४.४ *सामाजिक सुरक्षा तर्फ*

(क) सामाजिक सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुलाई ७ वटा बैक मार्फत चौथो त्रैमासिक सम्मको ४५१२ जना लाभग्राहीहरुलाई रु १८ करोड ६९ लाख ८५ हजार सामाजिक सुरक्षा भत्ता वितरण तथा अद्यावधिक कार्य भएको छ।

ख) अशक्त, ज्येष्ठ नागरिकहरूको लागि टोलटोलमा गइ सामाजिक सुरक्षा भत्ता वितरण गर्ने व्यवस्था मिलाइएको छ।

१.४.५ *महिला*

(१) महिला हिंसा निवारण कोषको स्थापना गरिएको

(२) ४५ जना किशोरीहरुका लागी जिवनउपयोगी सिप तालिम प्रदान गरिएको

(३) ९५ जना महिलाहरुलाई नेतृत्व विकास तालिम प्रदान गरिएको

(४) ५० जना महिलाहरुलाई कानुनी हक अधिकार सम्बन्धी तालिम सम्पन्न भएको

(५) बालबालिका महिला इन्टरनेट सुरक्षा लगायतका जनचेतनामुलक भिडियो निर्माण

(६) लैंगिक हिंसा रणनिति सम्बन्धी मस्यौदा तयारी भएको

(७) छात्राहरुलाई आत्मरक्षा सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइएको

(८) महिलालाइ आत्मनिर्भर, स्वरोजगार बनाउन तालिम प्रदान गरिएको छ।

१.४.६ *बालबालिका*

(१) सामुदायिक र संस्थागत विद्यालयरूमा बालक्लब गठन तथा परिचालन (५३ जना शिक्षकलाई अभिमुखिकरण)

(२) सशक्तिकरण तथा नेतृत्व विकास तालिम ११५ जना बालबालिकाहरुलाई

१.४.७ *अपाङ्गता भएका व्यक्ति*

(१) अपाङ्गता भएका बालबालिकाको लागि ह्वील चेयर लगायतका आवश्यक सामाग्री तथा सहयोग प्रदान गरिएको

(२) नगरव्यापी विद्यालय स्तरीय खेलकुद कार्यक्रम तथा पुरस्कार वितरण भएको

(३) अपाङ्गता भएका विद्यालयहरुमा बालबालिका अध्ययनरत मानव विद्यागृह, अभिभावक स्वालम्बन समुह र दिवा सेवा केन्द्रलाई सीप विकास कार्यक्रम सञ्चालन खर्च, छात्रावृत्ति, Sanitary Pad र दिवा खाजा खर्च उपलब्ध गरिएको

(४) अपाङ्गता भएका व्यक्तिहरूलाई स्वरेजगार बनाउन तालिम तथा बीउ पूँजीको व्यवस्था गरिएको छ।

१.४.८ *जेष्ठ नागरिक*

(१) जेष्ठ नागरिक सम्मान तथा सामाग्री वितरण गरिएको

(२) मध्यपुर थिमिनगरपालिकाको प्रत्येक वडामा जेष्ठ नागरिक दिवा सेवा केन्द्र स्थापना गर्ने लक्ष्य अनुरूप वडा नं. ४ मा निर्मानाधिन भवन निर्माणमा नगरपालिकाबाट सहयोग भएको छ।

(३) जेष्ठ नागरिकहरुलाई सम्मान र आदर गर्दै भ्रमण सञ्चालन गरिएको

(४) वडा नं ३ मा निमार्णाधिन अग्रज जेष्ठ नागरिक समाजको भवन निर्माणमा वजेट व्यवस्था गरिएको

## *१.५ आर्थिक विकास*

१.५.१ *कर, राजस्व*

(१) २७ औं नगरपालिका स्थापना दिवसको अवसरमा उत्कृष्ट करदातालाई सम्मान गरिएको

(२) व्यवसाय दर्ता अभियान सञ्चालन गरिएको जसबाट रु. २ करोड थप आय संकलन भएको

(३) अनलाईन भुक्तानी सेवा (QR Code) सञ्चालन भएको

(४) बिगत लामोसमय देखि कर नतिरेका व्यावसायिलाई आर्थिक बर्षको पहिल्लो तीन महिनासम्म कर बुझाए जरिवाना छुटको व्यवस्था गरिएको थियो त्यस्तै ब्यवसाय दर्ता नभएका ब्यबसायिहरुलाई करको दायरामा ल्याउन आर्थिक वर्ष २०७४/७५ लाई आधार मानी कर सकलन गर्ने नीति लिईएको थियो। तर ब्यबसाय दर्ता अभियान जस्तै प्रचार प्रसार गर्न नसक्दा ब्यबसायिबाट अनबिज्ञता जनाई यो वर्ष निरन्तरता दिन माग आएको हुँदा यो वर्ष निरन्तरता दिने निर्णय भएको छ।

१.५.२ *पर्यटन कला धर्म संस्कृति*

(१) महाकाली नाच,भैरब नाच, निलवाराही गणनाच, नवदुर्गा गणनाच,ईन्द्र अप्सरा नाच, विस्का जात्रा, जिब्रो छेड्ने जात्रा, गुँला पर्व, कृष्ण पुजा, रथ पुजा लगायत मध्यपुर थिमिक्षेत्रमा मनाईने विभिन्न ऐतिहासिक,साँस्कृतिक एवँ पौरानिक नाच, जात्रा, चाडपर्व, रितिरिवाज र संस्कृतिको संरक्षण र सम्वर्द्धन कार्यका लागि बजेटको व्यवस्था गरिएको।

(२) नेपाल भाषा लिपि (रञ्जना लिपि र प्रचलित लिपि) लेखन तालिम सञ्चालन भएको

(३) मध्यपुर थिमिनगरपालिकाबाट आयोजित धिमे बाजा प्रतियोगितामा उपत्यकाभित्रका ३९ वटा धिमे बाजा समुहको सहभागिता रहेको थियो ।उत्साहजनक सहभागिताले गर्दा सो कार्यक्रमले मिनि महोत्सवकोरुप लिएको थियो ।कला सस्कृती जगेर्नाको लागि यस्ता कार्यक्रमको निरन्तरता यो वर्ष पनि हुने छ।

(४) नगरपालिका भित्रका विभिन्न टोल बस्तीहरुको स्थानीय मौलिक नामलाई अपभ्रंस, परिवर्तन वा प्रयोगविहिन हुनवाट जोगाएर अभिलेखिकरण एवम् प्रतिष्ठापन गरेर मध्यपुर थिमिक्षेत्रका टोल बस्तीको इतिहास एवम् संस्कृतिको साथै पहिचानलाई समेत जगेर्ना गर्न मौलिक नाम अभिलेखिरण तथा प्रतिष्ठापन समिति गठन गरि सवै वडामा समुदाय भेला गरी ४८० वटा टोल बस्तीहरुको नामावली संकलन गरिएको।

(५) मध्यपुर पर्यटन विकास समितिसँगको सहकार्यमा पर्यटन प्रवद्धनार्थ व: Festival, विस्का जात्रा सम्बन्धी प्रचारात्मक कार्यक्रमहरुको सञ्चालन गरिएको

१.५.३ *आय आर्जन र रोजगारी*

(१) मध्यपुर थिमिनगरपालिकाका वासिन्दाहरुलाई स्वरोजगार बनाउने अभिप्राय: का साथ ६३० जनालाई विभिन्न ३२ वटा आय आर्जन तथा सीप विकास सम्वन्धी तालिम सञ्चालन गरिएको

(२) प्रधानमन्त्री स्वरोजगार कार्यक्रमबाट सरसफाइ तथा वृक्षारोपणको कार्यमा १८ जना श्रमिकले रोजगारी प्राप्त गरेका

(३) लघु विकास उद्यम कार्यक्रमबाट ४५ जनाले तालिम प्राप्त गरिएको

(४) सेरामिक्स व्यवसायको विकासका लागि आधुनिक चिम्नी निर्माण गरिएको र युवाहरुलाई सो व्यवसाय प्रति अभिप्रेरित गराउन तालिम सञ्चालन गरिएको

(५) युवा व्यवसायीहरुलाई प्रोत्साहन गर्न विभिन्न व्यवसायिक तालिमा सञ्चालन गरिएको (बारिस्ता, मन्टेश्वरी तालिम, सिपमुलक तालिमहरु)

(६) मध्यपुर थिमिनगरपालिका र मध्यपुर सञ्चार समाजको आयोजनामा रोजगारीमुलक खोज पत्रिका, फोटोग्राफी र अनलाईन तालिम सम्पन्न भएको

१.५.४ *सहकारी*

(१) सम्पत्ति शुद्धिकरण निवारण कार्यविधि निर्माण सम्बन्धी तालिम

(२) सहकारी नियमावली मस्यौदाको कार्य भई रहेको

(३) सहकारी अनुगमन समिति गठन भई कार्य भई रहेको

(४) समस्या ग्रस्त सहकारीका सदस्यहरुको वचत सुरक्षाका लागि न्यायीक समिति मार्फत प्रारम्भिक सुनुवाई हुने व्यवस्था गरिएको

१.५.५ *कृषि तथा पशुपन्छी*

(१) माटो सुधारको लागि ५०% अनुदानमा १२९४ बोरा कृषि चुन वितरण

(२) उत्पादकक्तो बृद्धिको लागि ४ स्थानमा माटो परिक्षण शिविर गरिएको

(३) वाली उपचार शिविर तथा औषधी वितरण गरिएको

(४) किसान सूचिकरण कार्यक्रम लाई अगाडि बढाएको

(५) १५२ जनालाई शहरी कृषि/कौसी खेती तालिम तथा मिनिकिट प्रदान गरिएको

(६) कृषि व्यवसायी आधुनिकरणको लागि टनेल प्लाष्टिक वितरण गरिएको

(७) पशु उपचार, कुकुर बन्ध्याकरण, औषधि वितरण तथा काउ म्याट वितरण भएको

(८) कोल्ड च्याम्बर स्थापनाको लागि टेन्डर गरि सकेको

(९) मल बितरण प्रक्रियालाई व्यवस्थित गरिएको।

## *२.१ वन वातावरण विपद् व्यवस्थापन*

२.१.१ *खानेपानी तथा सरसफाई*

(१) सडक नाला वातावरण सरसफाई लगायतका शहरी व्यवस्थापनका कार्यमा तत्काल सुधार गर्न १२ जना द्रुत कार्य सहयोगि Quick Response Team को परिचालन भएको

(२) फोहरमैला व्यवस्थापनलाई थप प्रभावकारी बनाउन ढुवानीको लागि ट्रिपर खरिद गरिएको

(३) सरसफाई कार्यमा ४ वटा नीजि क्षेत्र परिचालन। न.पा.क्षेत्र भित्रवाट दैनिक रुपमा करिब ४५ टन फोहर संकलन तथा व्यवस्थापन

(४) आधारभूत सरसफाइ तथा फोहोरमैला व्यवस्थापन विधेयक २०७९ निर्माण भएको

(५) नीजि क्षेत्रसंग समन्वय गरी २००० वटा भान्छा(किचन) को फोहर श्रोतमै बर्गिकरण गरी संकलन कार्य

(६) घरायसी स्तरवाट निस्कने फोहरलाई श्रोतमै बर्गिकरण गरी कुहिने फोहरलाई कम्पोष्ट मल बनाउने कार्यमा स्थानीय व्यक्तिहरुलाई परिचालन गर्न ६० परिवारलाई घरेलु फोहरमैला व्यवस्थापन तथा कम्पोष्टिङ्ग तालिम सञ्चालन र ३५ वटा कम्पोष्ट विन वितरण

(७) विगत लामो समय देखि डम्पिङ साइडको रुपमा रहेको पाटी विहार देखि बप्पा जाने बाटो पूर्ण रुपमा सफा भएको र नगर क्षेत्र भित्र खुल्ला डम्पिङ साइडको रुपमा रहेको क्षेत्र क्रमिक रुपमा सफा गर्दै लाने योजना रहेको

(८) निजी क्षेत्रको सहकार्यमा अरनिको राजमार्गको दाँया बाँया, सानोठिमी क्षेत्रमा ५०० वटा वृक्षारोपन गरी क्षेत्र निर्धारण गरेर निजी क्षेत्रलाई व्यवस्थापनको जिम्मेवारी दिइएको

### *३.१ सुशासन तथा संगठन विकास*

(१) सूचनाको हक सम्बन्धी जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अभिमुखिकरण गरिएको

(२) सेवा प्रवाह, खरिद व्यवस्थापन, योजना तर्जुमा सम्बन्धि जनप्रतिनिधि तथा कर्मचारीलाई अभिमुखिकरण

(३) कर्रमचारीहरूको उचित व्यवस्थापनको लागि संगठन तथा विकास(O&M) को प्रक्रिया अगाडि बढाइएको

(४) वार्षिक कार्यतालिका बनाएर योजना तथा कार्यक्रम सञ्चालन भएको

(५) उपभोक्ता समिति परिचालन सम्बन्धी कार्यविधि निर्माण

(६) त्रैमासिक रुपमा सुचना सार्वजनिक गर्ने गरिएको

(७) नगरपालिकाको विभिन्न जानकारी,गतिविधिहरु, सूचना, न.पा.को नीति, योजना, वजेट तथा कार्यक्रमहरुको बारेमा आम नगरबासीहरुलाई जानकारी गराउने उदेश्यका भक्तपुर एफएम मा प्रत्येक हप्ताको विहिवार बेलुकी ७ देखि ८ बजे सम्म मध्यपुर थिमि हाम्रो सम्पत्ति कार्यक्रम सञ्चालन, हाल सम्म ४३ वटा कार्यक्रमको सञ्चालन भएको।

(८) अदालतमा दर्ता भएको मुद्दा संख्या ३३, विचाराधिनमा रहेको संख्या १७, फछ्यौट संख्या १३

(९) सूचनाको हक सम्बन्धी ऐन, २०६४ बमोजिम सूचना माग गरिएको संख्या ४ उपलब्ध गराएको संख्या ४

(१०) मध्यपुर थिमिनगरपालिका तथा मातहतका कार्यालयहरुमा सरकारी ईमेल सञ्चालन

(११) वेवसाइट तथा सामाजिक सञ्जाल मार्फत सूचना तथा गतिविधिहरु सार्वजनिक भइरहेको

(१२) सूचना प्रविधि विभागको सहकार्यमा एकीकृत कार्यालय व्यवस्थापन प्रणाली, SMS Gateway जस्ता प्रणाली विस्तारको लागि समन्वय भएको

(१३) व्यवस्थित बिकास निर्माणको लागि आवधिक योजना तर्जुमा प्रक्रिया अगाडि बढेको

(१४) नगरपालिकाको कार्यपालिकाबाट भएका क्रियाकलापको जानकारी नगर प्रवक्ता मार्फत सोही दिन जानकारी गराउने गर्ने गरिएको

### *३.२ न्यायिक समिति*

जनतालाई आफ्नै घरदैलोमा सेवा पुर्‍याउने लक्ष्य अनुरुप सवैंधानिक रुपमै स्थानीय सरकारलाई बलियो बनाउने नीतिगत व्यवस्था गरिएको छ। यसैको महत्वपुर्ण अङ्गको रुपमा स्थानीय अदालतको रुपमा न्यायिक समितिको व्यवस्था रहेको छ। स्थानीय सरकार सञ्चालन ऐनको दफा ४७ (१) र ४७ (२) ले न्यायिक समितिको अधिकारलाई व्यवस्थित गरेको छ। त्यस्तै नेपाल सरकारबाट समय समयमा थप अधिकार दिएको अवस्था पनि रहेको छ। आज एक वर्षको यो समयमा स्थानीय अदालत, न्यायिक समितिले घरभाडा, सिमा विवाद, पारिवारिक झैझगडा, ज्याला, सार्वजनिक बाटो, जग्गा विवाद लगायतका विषयमा हालसम्म १२ वटा मुद्दाको किनारा लागि सकेको छ भने ४० वटा मुद्दाहरु विचाराधीन अवस्थामा रहेको छ। संवैधानिक अधिकारहरुको निश्चितताका वाबजुद पनि मेलमिलापलाई केन्द्र विन्दुमा राखी अनौपचारिक रुपमा नै विवादहरुको किनारा लगाउने काम भएको जानकारी यस गरिमामय सभा समक्ष गराउन चाहन्छु। विशेष गरि हक बेहकका मुद्दाहरु जुन हाम्रो अधिकार क्षेत्र भन्दा बाहिर रहेको छ, त्यस्ता मुद्दाहरु अनौपचारिकरुपमा छलफलका माध्यमबाट समाधान गरेका छौं। हामीले शुरूवात गरेका स्ववासी जग्गाको पुर्जा वितरणको कार्यमा आएको समस्या समाधान गर्न हामीले विशेष पहल गरेका थियौं। जुन प्रभावकारी भएको जनताको तर्फबाट सकारात्मक टिप्पणी प्राप्त भएको छ। न्यायिक समितिका सदस्यहरु तुलसी राम प्रजापतीज्यु, रन्जय कार्कीज्युले हप्ताको दुईपटक मात्रै होईन

जनताको सेवाको लागि समयको पावन्दी नराखी आवश्यक समयमा जुनसुकै बेला उपस्थित भई सेवा दिइरहनु भएको सभा समक्ष जानकारी गराउन चाहन्छु । न्यायिक समितिबाट खराव नियत राखी सञ्चालित सहकारीका सञ्चालकहरुको सम्पत्ति रोक्का राखी कारवाही प्रकृया समेत अगाडी बढाईएको छ । जसबाट बचतकर्ताको बचत चादैं फिर्ता हुने वातावरण बन्दै गएको छ ।

## २. नगरपालिकाको विकासका चुनौतीहरू तथा संभावना

माथि प्रस्तुत गरिएको चालु आर्थिक वर्षको २०८० जेठ मसान्त सम्मको अवधिको आर्थिक, वित्तीय तथा भौतिक विवरणको आधारमा गरिएको संक्षिप्त समीक्षाको आधारमा विश्लेषण गर्दा आ.व. २०८०/८१ को वजेट नीति तथा कार्यक्रम कार्यान्वयनमा चुनौती तथा सम्भावनाहरु रहेको देखिएको छ । जसको म यहां संक्षिप्त चर्चा गर्न चाहन्छु।

### २.१ नगरपालिकाको विकासका चुनौतिहरू

(१) नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिमका समग्र अधिकार क्षेत्रमा प्रभावकारी रुपमा कार्य गर्न,

(२) सात तहको योजना प्रक्रिया पूरा गरी योजना माग, छनौट, प्राथमिकीकरण र कार्यान्वयनमा जाने विद्यमान कानूनी व्यवस्था अनुरुपको उत्तरदायित्व पूरा गर्न

(३) स-साना योजनालाई वडा तहबाट सम्बोधन गर्न लगाई मझौला आकारको योजनामा नगरपालिकाको वजेटलाई केन्द्रित गर्न,

(४) विकास निर्माण कार्यको सुक्ष्म निरिक्षण गर्ने निरिक्षक नहुँदा तोकिएका कार्यहरू समयमा र गुणस्तरयुक्त रुपमा सम्पादन गर्न,

(५) उपभोक्ता समिति मार्फत संचालन गरिने कार्यक्रम पिच्छे फरक फरक उपभोक्ता समिति रहँदा तिनीहरूलाई प्रशासनिक तथा प्राविधिक रुपमा सहयोग उपलब्ध गराउन,

(६) ठेक्का तथा उपभोक्ता समिति मार्फत गरिने कार्य समयमा सम्पन्न गर्न,

(७) गै.स.स क्षेत्रको वजेट, कार्यक्रमलाई नगरपालिकाको विकास योजनामा समावेश गर्न,

(८) गुणस्तरीय, मापदण्डयुक्त दिगो एकिकृत विकासको अवधारणालाई कार्यान्वयन गर्न,

(९) नगरवासीको बढ्दो आकांक्षालाई संवोधन गर्न नगरपालिकाको आन्तरिक आयमा अपेक्षित वृद्धि गर्न,

### २.२ नगरपालिकाको विकासका अवसर र सम्भावनाहरू

आदरणीय सभाध्यक्ष तथा सभा सदस्यहरू,

माथि उल्लिखित चुनौति रहँदा रहँदै पनि यस नगरपालिकाको सामाजिक, आर्थिक, वातावरणीय तथा भौगोलिक विशिष्ठताको कारण अवसर र सम्भावना धेरै रहेका छन् । जसलाई म यहाँ संक्षिप्त रुपमा प्रस्तुत गर्न चाहन्छु ।

(१) मध्यपुर थिमिनगरपालिकाको अर्थतन्त्रको मेरुदण्ड कृषि, व्यवसाय, व्यवस्थित शहरी विकास र पर्यटन रहेकोले ती क्षेत्रहरुको विकासलाई अवसरको रुपमा लिन सकिन्छ।

(२) व्यावसायिक तथा गुणस्तरीय शिक्षण संस्थाको विकास गरी नगरपालिकालाई व्यवसायिक शैक्षिक केन्द्र(Hub) बनाउन सकिने कार्यमा नगरपालिका, गैसस, सामुदायिक संघसंस्था तथा निजी क्षेत्रसँग सरकारी निजी साझेदारी (Public Private Partnership, PPP) को अवधारणा अनुसार अगाडि बढाउन सकिने अवसर रहेको छ।

(३) गैर सरकारी संस्थाहरूको व्यवसायिक र लक्ष्यमूलक कार्यशैलीले समन्वय र सहकार्यमा प्रभावकारिता देखिएको छ।

(४) सहकारी आर्थिक विकासको दरिलो आधारका रुपमा रहेकोले स्थानीय रैथाने प्रविधिमा आधारित पेशालाई व्यावसायमुखी बनाउन सकिने अवसरहरू रहेको छ ।

(५) ताजा तरकारीको हबको रूपमा विकास गर्ने प्रबल सम्भावना छ । यसको लागि कृषिमा व्यवसायिकरण, आधुनिकीकरण र मलको सहज आपूर्ति आवश्यक छ ।

आदरणीय सभाध्यक्षज्यू, अब म सम्मानित सभा समक्ष आ.व. २०८०।८१ को वजेटका सिद्धान्तहरु प्रस्तुत गर्ने अनुमति चाहन्छु।

**वजेटका मार्गदर्शक सिद्धान्त**

आ.व. २०८०।८१ को वजेट तर्जुमाको समयमा निम्न सिद्धान्तहरु अवलम्वन गरिएका छन्।

(१) नेपालको संविधान, नेपाल सरकारद्वारा संघीय संसदमा प्रस्तुत नीति तथा कार्यक्रमका मान्य सिद्धान्त एवं सम्मानित बागमती प्रदेश सभाबाट आ.व. २०८०।८१ का लागि पारित नीति तथा कार्यक्रमका सिद्धान्तहरु

(२) संघीय सरकारले पेश गरेको आ.व. २०८०।८१ को वजेटका सिद्धान्त तथा प्राथमिकताहरु र बागमती प्रदेश सरकारबाट प्रदेश सभामा पेश भएको वजेटका सिद्धान्त तथा प्राथमिकताहरु

(३) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले परिलक्षित गरेका सिद्धान्तहरु

(४) समावेशी र दिगो विकासका सिद्धान्तहरु अवलम्वन गरिएको

(५) शिक्षा, स्वास्थ्य र रोजगारी लगायतका आधारभूत पक्षहरुलाई प्राथमिकता राखी वजेट तर्जुमा गरिएको

## ३. वजेट, नीति तथा कार्यक्रमका उद्देश्यहरू

आदरणीय सभाध्यक्ष तथा सदस्यज्यूहरू,

उल्लेखित चुनौति र अवसरलाई विश्लेषण गरी संवोधन गर्न आ.व. २०८०/८१ को वजेटमा देहाय बमोजिमका उद्देश्य र नीति अवलम्वन गरिने प्रस्ताव गरेको छु।

### ३.१ वजेटका उद्देश्यहरू

(१) दिगो विकासको लागि आर्थिक, सामाजिक, सांस्कृतिक र भौतिक पूर्वाधार तयार गर्ने,

(२) सेवा प्रवाहमा जनताको सहज पहुँच अभिवृद्धि गर्ने,

(३) संस्थागत क्षमता विकास र सुदृढीकरणमा जोड दिने,

(४) लक्षित एवं समावेशी विकासलाई आत्मसात गर्ने,

(५) शिक्षा, स्वास्थ्य, रोजगारी जनताको पहुँचमा पुर्याउने,

### ३.२ नगर विकास योजनाका प्रमुख नीतिहरुः

नगरपालिकाले आ.व. २०८०/८१ को लागि कृषि तथा पशुपंक्षी विकास, वन तथा वातावरण फोहरमैला व्यवस्थापन, पर्यटन, विपद् व्यवस्थापन, ऊर्जा, सामाजिक विकास अन्तर्गत शिक्षा, स्वास्थ्य, महिला तथा बालबालिका, सामाजिक सुरक्षा, जेष्ठ नागरिक, एकल महिला, दलित, आदिवासी जनजाति, गरिवी न्यूनिकरण, युवा तथा खेलकुद, भाषा, साहित्य, कला, संस्कृति, खानेपानी तथा सरसफाइ, उद्योग तथा व्यापार, सञ्चार क्षेत्र प्रर्वद्धन, संचार एवं सूचना प्रविधि, गैर सरकारी संस्था परिचालन, भौतिक पूर्वाधार विकास, संस्थागत विकास एवं सुशासन, योजना, अनुगमन तथा मूल्याङ्कन, राजस्व परिचालन, नगरपालिकाको वित्तीय व्यवस्थापन लाई व्यवस्थित गर्न अवलम्वन गरिने अनुसूची- १ बमोजिमको नीति यस सम्मानित सभामा यस अघि नगर प्रमुखबाट प्रस्तुत भई सकेको छ। उक्त नीतिहरूको आधारमा आर्थिक वर्ष २०८०/८१ को वजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

## ४. योजना छनौटका आधारहरू

आदरणीय सभासदस्यहरू,

आर्थिक वर्ष २०८०/८१ को वजेट, नीति तथा कार्यक्रम तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन-२०७४, प्रदेश सरकारबाट जारी गरिएको नीति तथा कार्यक्रम-२०८०, स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ र यस नगरपालिकाको वजेटको क्षेत्र तथा सिमा-२०८० ले निर्दिष्ट गरेको योजना तर्जुमा प्रकृयालाई अवलम्बन गरिएको छ।

नेपाल सरकारको पन्ध्रौं योजना (२०७५/७६-२०८०/८१), दिगो विकास लक्ष्य, नेपाल सरकारका विभिन्न क्षेत्रगत नीतिहरू र विषयगत मन्त्रालयबाट प्राप्त मार्गदर्शन, बागमती प्रदेश सरकारको पहिलो आवधिक योजना, क्षेत्रगत नीतिहरु तथा प्राथमिकिकरणलाई आधार मानी आर्थिक वर्ष २०८०/८१ को नीति, वजेट तथा कार्यक्रमहरु तर्जुमा गरिएको छ।

वजेट तर्जुमाका क्रममा राजनीतिक दल, विषयगत कार्यालय, गैहसरकारी संस्था, नागरिक समाज वडास्तरीय योजना प्रक्रियाबाट प्राप्त सुझावहरूलाई समेत आधार लिइएको छ। योजना तर्जुमा गर्दा वस्तीस्तरबाट प्राथमिकतासाथ वडामा पेश भएका योजनालाई समेत सम्वोधन गरिएको छ। वस्ती, वडा तथा नगरस्तरीय आयोजना छनौटका मार्गदर्शन तथा आधारहरू अनुसूची-२ मा प्रस्तुत गरिएको छ।

## ५. आ.व .२०८०/८१ को आम्दानी र खर्चको संक्षिप्त विवरण

आदरणीय सभा सदस्यज्यूहरू, अब म आगामी आर्थिक वर्षको आम्दानी र खर्चको संक्षिप्त विवरण पेश गर्न चाहन्छु ।

**(क)आ.व. २०८०/८१ आय तर्फ देहाय बमोजिमको आय हुने प्रस्ताव अनुमान गरिएको छ,-**

| आय शीर्षक | आ.व २०८०/०८१ को अनुमानित आय | आ.व २०८०/०८१ को व्यय शीर्षक | खर्च रु |
|---|---|---|---|
| आन्तरिक आम्दानी मौज्दात समेत | ६९२,०००,०००.०० | सर्शत चालु र विशेष अनुदान संघीय सरकार | २७६,०००,०००.०० |
| राजश्व वाडफाँड संघीय र प्रदेश | ३९२,२९८,२००.०० | सर्शत अनुदान पुजिगत संघीय सरकार | १४,०००,०००.०० |
| समानिकरण संघीय सरकार | २०८,०००,०००.०० | सडक वोर्ड समपुरक र म्याचिङ्ग अनुदान | ४६,०००,०००.०० |
| समानिकरण प्रदेश सरकार | २२,९५०,०००.०० | प्रशासनिक तथा कार्यालय संचालन खर्च र कार्यक्रम खर्च | २१९,१६४,०००.०० |
| सर्शत अनुदान चालु र विशेष संघीय सरकार | २६६,०००,०००.०० | विषयगत कार्यालय र न.पा को कार्यक्रम | २६५,५६६,२००.०० |
| | | वडा बजेट १ देखि ९ वडा | १८०,९००,०००.०० |
| सर्शत अनुदान पुजिगत संघीय सरकार | १४,०००,०००.०० | सर्शत अनुदान चालु प्रदेश सरकार | ४६,९१०,०००.०० |
| सर्शत अनुदानसंघीय सरकार समपुरक अनुदान | २३,०००,०००.०० | सर्शत अनुदान प्रदेश सरकार समपुरक अनुदान | ३०,०००,०००.०० |
| नगद लागत सहभागिता | ६००००००.०० | नगर स्तरिय प्रशासनिक भवन तथा वडा प्रशासनिक भवन निर्माण | ७०,०००,०००.०० |
| सर्शत अनुदान चालु र विशेष अनुदान प्रदेश सरकार | ४६९१००००.०० | सार्वजनिक निर्माण खर्च | ५४६,६१८,०००.०० |
| सर्शत अनुदान प्रदेश सरकार समपुरक अनुदान | ३०००००००.०० | नगद लागत सहभागिता | ६,०००,०००.०० |
| | ***१७०११५८२००.००*** | | ***१,७०१,१५८,२००.००*** |
| नेपाल कोरिया मैत्री अस्पताल | ४४०,४०३,०००.०० | नेपाल कोरिया मैत्री अस्पताल | ४४०,४०३,०००.०० |
| कमेरोटार जग्गा एकिकरण आयोजना | ५६९,१५२,०००.०० | कमेरोटार जग्गा एकिकरण आयोजना | ५६९,१५२,०००.०० |
| सिन्टीटार जग्गा एकिकरण आयोजना | २१८,३२१,०००.०० | सिन्टीटार जग्गा एकिकरण आयोजना | २१८,३२१,०००.०० |
| सामाजिक सुरक्षा भत्ता | २००,०००,०००.०० | सामाजिक सुरक्षा भत्ता | २००,०००,०००.०० |
| सडक वोर्ड नेपाल | ७,०००,०००.०० | सडक वोर्ड नेपाल | ७,०००,०००.०० |
| | ***३१३६०३४२००.००*** | | ***३१३६०३४२००.००*** |

नेपालमा वजेट बनाउने प्रक्रिया भविष्यमा प्राप्त हुने आयका आधारमा निर्माण गर्ने गरिन्छ। जसको कारण यो वर्ष जस्तै देशको आर्थिक अवस्थामा परिवर्तन भएमा बजेटमा परिवर्तन हुने सम्भावना रहन्छ। यो वर्ष आय र बजेटमा आएको भिन्नताले विकास निर्माणको कार्यमा प्रतिकूल असर गरेको छ।

(१) चालु आर्थिक वर्ष २०७९/८० को असार ८ गतेसम्मको यथार्थ आय तथा व्यय चालु आर्थिक वर्षको असार मसान्त सम्म हुने अनुमानित आय व्ययको विवरण अनुसूची-३ मा र आगामी आर्थिक वर्ष २०८०/८१ को अनुमानित आय तथा व्ययको विस्तृत विवरण अनुसूची- ४ मा प्रस्तुत गरिएको छ।

## ६. आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकामा संचालन हुने प्रमुख कार्यक्रमहरू

आदरणीय नगसभा सदस्यज्यूहरू,

अब म आर्थिक वर्ष २०८०/८१ मा नगरपालिकामा संचालन हुने प्रमुख कार्यक्रमहरूको संक्षिप्त विवरण जानकारी गराउने अनुमति चाहन्छु।

### ६.१ संगठन संरचना एवं व्यवस्थापन सम्बन्धी

(१) स्थानीय तहको लागि नेपाल सरकार मन्त्रिपरिषद्बाट मिति २०७४/१२/१४ स्वीकृत गरिएको स्थानीय तहमा सेवा प्रवाह सम्बन्धी व्यवस्था-२०७४ बमोजिम १ लाख भन्दा कम जनसंख्या भएको नगरपालिकाको लागि स्वीकृत अस्थायी संगठन संरचना बमोजिमको कर्मचारी व्यवस्था भएकोमा नेपाल सरकारबाट स्वीकृत दरबन्दी भन्दा बढीका कर्मचारीहरू समेत समायोजन भई आएको तथा राष्ट्रिय जनगणना २०७८ भएको नगरपालिकाको जनसंख्याको आधारमा भएको जनसंख्या वृद्धि तथा कार्य क्षेत्रमा भएको विस्तार र कार्यबोझको आधारमा वडा तहमा गरिएको थप जनशक्तिको व्यवस्थाको आधारमा विगत देखि यस नगरपालिकामा कार्यरत कर्मचारीहरूको सेवा निरन्तर आवश्यक रहेको तथा केही दरबन्दी समेत थप गर्नु परेकोले नगरपालिकाको संगठन र व्यवस्थापन (Organization and Management) तयार गरी अनुसूची-५ बमोजिमको स्थायी तथा करार तर्फको दरबन्दी स्वीकृत गर्ने प्रस्ताव गरिएको छ।

(२) नगरपालिका कार्यालय, वडा कार्यालय तथा सेवा केन्द्रमा कार्यरत कर्मचारीहरुको आ.व. २०८०।८१ को लागि कार्यालयले साउन मसान्तसम्म अनुसूची ६ बमोजिमको तलवी प्रतिवेदन पारित गर्ने व्यवस्था मिलाएको छु।

(३) नगरपालिकाको विकासमा महत्वपूर्ण योगदान पुऱ्याएका एवं उत्कृष्ट कार्य गर्ने गै.स.स., संचारकर्मी, उपभोक्ता समिति, विषयगत शाखा प्रमुख, पर्यटन व्यवसायी, उद्योगी, निर्माण व्यवसायीलाई सम्मानित एवं पुरस्कृत गर्ने व्यवस्था गरेको छु।

(४) यस नगरपालिका, वडा तथा सेवा केन्द्रमा कार्यरत कर्मचारीहरु मध्ये २५ वर्ष सेवा अवधि पुरा गरेका कर्मचारीहरुलाई दीर्घ सेवा सम्मान प्रदान गर्ने व्यवस्था मिलाएको छु।

(५) नगरकार्यपालिकाबाट विभिन्न मितिमा पारित नियमावली, निर्देशिका, कार्यविधि र मापदण्डलाई स्वीकृत गर्ने प्रस्ताव गरिएको छ।

(६) नगरपालिका वडा र सेवा केन्द्रमा कार्यरत करारका कर्मचारीहरूलाई नेपाल सरकारबाट सम्बन्धित तहको लागि तोकिएको न्यूनतम तलव स्केल दिने व्यवस्था गरिनेछ।

### ६.२ वित्तीय व्यवस्थापन

(१) नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त हुने अनुदान तथा अन्य निकायहरूबाट प्राप्त हुने रकम थपघट भई आएमा वा नगरपालिकाको आन्तरिक कोष तर्फ अनुमानित आय संकलन न्यून भई वजेट कम भएमा प्राप्त वजेट एवं संकलित आय जुन अनुपातमा थपघट हुन्छ सोही अनुपातमा प्रस्तावित योजनाहरूको संशोधन नगर प्रमुखस्तरबाट हुने व्यवस्था प्रस्ताव गरिएको छ।

(२) यस नगरपालिकाको महालेखा परीक्षकद्वारा आ.व. २०७८।७९ को लेखा परीक्षण गरी दिएको लेखापरीक्षण प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा औंल्याएका बेरुजुहरू फछर्यौट तथा नियमित गर्न गराउन नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्न प्रस्ताव गरिएको छ। पेश्की तथा वेरुजुको विवरण अनुसूची-७ मा समावेश गरिएको छ ।

(३) आ.व. २०८०।८१ मा वेरुजु फछर्यौट विशेष अभियान सञ्चालन गरिनेछ। तोकिए बमोजिमको न्यूनतम वेरुजु फछर्यौट गर्ने संलग्न पदाधिकारीहरूलाई प्रोत्साहन दिने व्यवस्था मिलाइएको छ।

(४) आ.व. २०७३/७४ भन्दा अघि नगरपालिका कोष, अन्य कोष खाता र विकास अनुदानबाट सरकारी कार्यालय, सामुदायिक विद्यालय, परोपकारी संस्थाहरु, हाल मृत्यु भईसकेका कर्मचारी, पदाधिकारी र व्यक्तिहरुलाई दिएको रु. १ लाख भन्दा कम रकमको पेश्की बेरुजुको सम्बन्धमा आवश्यक कागजातहरु र प्रमाण प्राप्त गर्न नसकिने भनी स्थलगत प्रतिवेदन, सर्जमिन, वडाकार्यालयको सिफारिसमा कार्यालयबाट मिन्हा गरी फछर्यौटका लागि पेश हुन आएमा मृत्यु भईसकेका व्यक्ति, कर्मचारी, पदाधिकारी र व्यक्तिहरुको नाममा रहेको पेश्की रकम लेखा समितिको सिफारिसको आधारमा मिन्हा गरी फछयौट गर्ने प्रस्ताव गरिएको छ।

(५) नगरपालिका र नगर कार्यपालिकाको निर्णय बमोजिम हालसम्ममा भएको सम्पूर्ण आम्दानी खर्चलाई अनुमोदन गर्ने प्रस्ताव गरिएको छ।

(६) राजश्व परामर्श समितिको सिफारिस वमोजिम आगामी आर्थिक वर्ष २०८०/८१ को कर, दस्तुर, शुल्क तथा जरिवाना सहितको आर्थिक विधेयक अनुसूची-८ मा प्रस्तुत गरिएको छ।

(७) मिति २०८०।०३।०७ गते नगरकार्यपालिकाबाट सिफारिस भएका आगामी आर्थिक वर्ष २०८०/८१ को लागि अनुसूची-९ बमोजिमको विनियोजन विधेयकमा प्रस्तुत गरिएको छ।

(८) आ.व. २०८०/८१ का लागि वार्षिक खरिद योजना २०८० साउन मसान्तभित्र तयार गरी लागु गर्ने प्रस्ताव गरिएको छ।

(९) आ.व. २०८०/८१ को अनुसूची-१० बमोजिमको नगर दर रेट स्विकृतिको लागि प्रस्ताव गरिएको छ ।

### ६.३ श्रोत परिचालन तथा व्यवस्थापन

यस नगरपालिकाको संस्थागत विकास एवं आन्तरिक श्रोत परिचालन कार्यलाई सुदृढ एवं प्रभावकारी बनाई आय वृद्धि गराउन देहाय अनुसारको प्रस्ताव गरिएको छ।

(१) नगरपालिकाको आन्तरिक स्रोतको दायरा बढाउन श्रोत संभाव्यता अध्ययन गरी आयस्रोतको खोजी गर्ने एवं प्रस्ताव भएको कर, दस्तुर, शुल्कका शीर्षक बाहेक अन्य क्षेत्रमा कर दस्तुर, शुल्क लगाउन परेमा राजस्व परामर्श समितिको सिफारिशमा आगामी सभाबाट अनुमोदन गर्ने गरी कार्यपालिकाबाट निर्णय गरी त्यस्ता स्रोतमा कर, दस्तुर, शुल्क लगाउने।

(२) आन्तरिक स्रोत, राजस्व बाँडफाँड तथा अनुदानबाट प्रस्ताव गरिएका योजना तथा कार्यक्रमहरूको हकमा प्राप्त आम्दानीको आधारमा देहाय बमोजिम कार्यक्रम सम्झौता र संचालन गर्ने।

१. पारस्परिक कोष (म्याचिङ फन्ड)
२. स्वास्थ्य
३. शिक्षा
४. पूर्वाधार (क्रमागत योजना स्रोत सुनिश्चित भएपछि मात्र अन्य योजना सञ्चालन गर्ने)
५. कृषि तथा पशुपन्छी
६. लक्षित वर्गको सशक्तिकरण
७. सुशासन तथा संस्थागत विकास
८. साझेदारीमा गर्ने कार्यक्रमहरू

**६.४ पर्यटन, संस्कृति, सम्पदा विकास**

आदरणीय नगर सभा सदस्यज्यूहरु, अब म देहाय बमोजिमका पर्यटन संस्कृति र सम्पदा विकास सम्बन्धी कार्यक्रम पेश गर्ने अनुमति चाहन्छु।

(१) टोल बस्तीको मौलिक नाम संकलन, अभिलेखिकरण तथा प्रतिस्थापन कार्यलाई अगाडि बढाउने,

(२) लक्षित बर्गको आय आर्जन, सीप विकास तथा जिविकोपार्जन तथा तालिमका प्रशिक्षार्थीहरुले उत्पादन गरेका सामाग्रीहरुको प्रवर्द्धन तथा मेला आयोजना गर्ने,

(३) आय आर्जन तथा सीप विकास तालिम प्राप्त लक्षित वर्गको समुहगत आय आर्जन कार्यका लागि पूर्वाधार तथा सामाग्री सहयोग कार्यक्रम सञ्चालन गर्ने,

(४) नेपाल भाषाको विकासका लागि लिपि (रञ्जना र प्रचलित लिपि) प्रशिक्षण तथा लिपि लेखन प्रतियोगिता गर्ने,

(५) नगर सरसफाई तथा मठ मन्दिर र पाटी पौवा सरसफाई कार्य, पर्यटन सूचना केन्द्र र पर्यटकीय शौचालय स्थानीय जात्रा चाड पर्व सञ्चालन तथा धार्मिक संघसंस्थालाई सहयोग जस्ता कार्यक्रम सञ्चालन गर्ने,

(६) सांस्कृतिक बाजागाजा संरक्षणका लागि विविध कार्यक्रम सञ्चालन गर्ने

(७) संस्कृति संरक्षण तथा पर्यटन कार्यक्रमको लागि रु.९४ लाख वजेट विनियोजन गरिएको छ।

**६.५ योजना तथा कार्यक्रम तर्फ**

(१) आ.व. २०८०।८१ मा कुनै योजना नगरपालिकाको बारम्बारको प्रयासबाट समेत सञ्चालन हुन नसकेमा उक्त योजनामा विनियोजित रकमलाई नगर कार्यपालिकाले आवश्यक संशोधन तथा परिमार्जन गरी अन्य पुँजिगत खर्च परिचालनमा प्रयोग गर्न सक्ने गरी निर्णय हुन प्रस्ताव गरिएको छ।

(२) आ.व. २०८०।८१ मा वडास्तरका योजना अनुगमन वडास्तरीय अनुगमन समिति र नगरस्तरका योजना नगरस्तरीय अनुगमन समितिबाट अनुगमन गरे पश्चात नगरपालिका कार्यालयले तत्काल फरफारक गर्ने व्यवस्था प्रस्ताव गरिएको छ।

(३) नगरपालिका स्तरमा तयार गरिने क्षेत्रगत तथा विषयगत आवधिक योजना तथा रणनीतिक योजनाहरू नगर कार्यापालिकाले स्वीकृत गर्ने व्यवस्था मिलाएको छु।

(४) आर्थिक वर्ष २०७९।८० मा सञ्चालित बोलकबोल प्रक्रियाबाट सम्झौता भएका क्रमागत र अधुरा योजना संघ तथा प्रदेश सरकार एवं निजी क्षेत्रको सहकार्यमा सम्पन्न गर्न आवश्यक वजेट व्यवस्था गरिएको छ।

(५) नगरपालिकाबाट सञ्चालन गरिने योजना तथा कार्यक्रमलाई गुणस्तरिय, समयवद्ध रुपमा सम्पादन गर्न अनुसूची-११ बमोजिमको कार्यक्रम कार्यान्वयन तालिका अनुसार कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छु।

(६) सभाबाट भैपरी तर्फ विनियोजित एवं विभिन्न कोषहरुको वजेट सञ्चालन गर्दा र अन्य शिर्षक नखुलेका वजेट तथा कार्यक्रमहरु नगरप्रमुखस्तरबाट निर्णय हुन प्रस्ताव गरेको छु।

**६.६ कृषि, वन,वातावरण तथा विपद् व्यवस्थापन**

(१) कृषि प्रसार कार्यक्रमको लागि रु. ४१ लाख वजेट विनियोजन गरिएको छ।

(२) पशु सेवा विकास कार्यक्रम तर्फ रु. ४१ लाख ७० हजार वजेट विनियोजन गरिएको छ।

(३) Rain water Harvesting, निलवाराही पहिरो नियन्त्रण र भाँगु पहिरो नियन्त्रण गर्न आवश्यक वजेटको व्यवस्था मिलाएको छु।

(४) वातावरण संरक्षणका लागि अहिले निर्माण भैरहेका वा निर्माण हुने बाटोको फुटपाथमा विरुवा लगाउने कार्य सम्बन्धित उपभोक्ता समिति र टोल सुधार समितिको सहकार्यमा सञ्चालन गर्ने कार्यलाई अनिवार्य गरिएको छ।

(५) सरसफाई कार्यक्रमलाई प्रभावकारी बनाउन कुनै एक वडालाई नमूनाको रुपमा छनौट गरी प्लाष्टिक र पुराना सामान व्यवस्थित वडाको रुपमा रुपान्तरण गर्न कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ।

(६) नगरपालिकाका वडाहरूमध्ये वातावरण र सरसफाईमा उत्कृष्ट टोल सुधार समिति, समिति, संस्था र निकायलाई वातावरण तथा फोहरमैला व्यवस्थापन सम्बन्धी मागमा आधारित कार्यक्रम सञ्चालन गर्न रु. १ लाख सम्म पुरस्कारको व्यवस्था गरिएको छ।

(७) नगरपालिका क्षेत्रमा आकस्मिक रुपमा आई पर्ने बाढी पहिरो आगजनी जस्ता विपद्बाट पिडितहरुलाई आवश्यक सहयोग गर्नका लागि यस नगरपालिकामा प्रकोप न्यूनिकरण तथा विपद् कोषका लागि रु. ४३ लाख वजेट विनियोजन गरिएको छ।

**६.७ उपभोक्ता हक हित संरक्षण**

(१) उपभोक्तालाई वस्तु वा सेवाको सम्बन्धमा सुसूचित गराउन उपभोक्ताको हक, हित सम्बन्धी सूचना प्रचार प्रसार कार्यक्रम गर्ने प्रस्ताव गरेको छु।

(२) बजार अनुगमन प्रभावकारी बनाउन वर्षै भरि अनुगमन कार्यलाई अगाडि बढाउन प्रस्ताव गरेको छु।

(३) अनुगमनलाई गुणस्तरिय बनाउन आवश्यक परिक्षण उपकरण र सामाग्रीको व्यवस्था गर्ने प्रस्ताव गरेको छु।

(४) उपभोक्ता हक हित संरक्षणका लागि रु. १४ लाख ५० हजार वजेट विनियोजन गरिएको छ।

**६.८ लक्षित वर्ग सम्बन्धी निर्णय**

**६.८.१ महिला**

(१) लक्षित वर्गका कार्यक्रम संचालन गर्दा ३० प्रतिशत रकम आयआर्जन, सीप विकास र प्रवर्द्धनात्मक कार्यमा र ७० प्रतिशत रकम सीपसँग सम्बन्धित आवश्यक सामाग्री उपकरण उपलब्ध गराउन सकिने व्यवस्था मिलाइएको छ।

(२) नगरपालिका तथा वडामा किशोर किशोरी संजाल गठन गरी सामाजिक कुरिती, अन्धविश्वास जस्ता कार्यहरु विरुद्ध परिचालन गर्ने व्यवस्था मिलाइएको छ।

(३) एकल महिला सशक्तिकरणका लागि सीप विकास कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

(४) महिला लक्षित कार्यक्रमको लागि रु. १४ लाख वजेट विनियोजन गरिएको छ।

**६.८.२ बालबालिका**

(१) शासन प्रक्रियामा बालबालिकाको संलग्ता बढाउन वार्षिक रुपमा बालभेला गरिनेछ।

(२) नगरस्तरीय बाल पार्श्वचित्र (PROFILE) निर्माण गरी बालमैत्री स्थानीय शासनलाई आत्मसाथ गर्ने प्रक्रियालाई अगाडि बढाउने व्यवस्था मिलाइएको छ।

(३) वडा तथा नगर तहमा बाल संजाल गठन गरी बाल अधिकारलाई समुदाय सम्म पुऱ्याउने गरी कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

(४) बालबालिका लक्षित कार्यक्रमको लागि रु. ९ लाख ५० हजार वजेट विनियोजन गरिएको छ।

**६.८.३ अपाङ्गता भएका व्यक्तिहरु सम्बन्धमा**

(१) अपाङ्गता भएका महिला, पुरुष लक्षित सीप विकास तथा आय आर्जन कार्यक्रम सञ्चालनका लागि आवश्यक वजेटको व्यवस्था गरेको छ ।

(२) अपाङ्गपन निरोध वा निवारण हुन सक्ने चेतनामूलक कार्यक्रम समुदाय तथा विद्यालयमा आधारित गरेर सञ्चालन गरिनेछ ।

(३) अपाङ्गता भएकाहरुका लागि खेलकुदका लागि सहयोग कार्यक्रम राष्ट्रिय तथा अन्तराष्ट्रिय दिवस मनाउने गरी व्यवस्था मिलाइनेछ।

(४) नगरपालिका स्तरमा बाल उद्दारकोषको स्थापना गर्ने प्रवन्ध मिलाइएको छ ।

(५) अपाङ्गता लक्षित कार्यक्रमको लागि रु. २० लाख वजेट विनियोजन गरिएको छ।

**६.८.४ जेष्ठ नागरिक सम्बन्धी**

(१) अन्तर पुस्ता ज्ञान हस्तान्तरणका लागि जेष्ठ नागरिकसँग भेला तथा अन्तरसम्वाद कार्यक्रम र सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

(२) जेष्ठ नागरिक लक्षित कार्यक्रमको लागि रु. ४ लाख वजेट विनियोजन गरिएको छ।

**६.९ पूर्वाधार निर्माण सम्बन्धी**

**६.९.१ सडक:**

(१) सिमांकन तथा डिपिआर तयार भएका सडकहरुको स्तरोन्नती गर्ने व्यवस्था मिलाइएको छ ।

(२) मुख्य सडक र सहायक सडक छेउमा निर्माण भएका घर कम्पाउण्डको पानी व्यवस्थित नगरी सोझै सडकमा छोड्ने कार्यलाई निरुसात्हित गरी त्यस्ता कार्यलाई कानुनी दायरामा ल्याइनेछ ।

(३) बाटो कालोपत्रे गर्न, ढलान गर्न र ब्लक छाप्न साथै ढल निकासको लागि ५०-५० लागत सहभागिताको कार्यक्रमलाई प्राथमिकताका साथ अगाडि बढाउने प्रस्ताव गरिएको छ ।

(४) विग्रेका भत्केका पूर्वाधार तत्काल निर्माण गर्न एक द्रुत कार्य टोली परिचालन गरी तत्काल मर्मत सम्भार गर्ने व्यवस्था मिलाइएको छ ।

**६.९.२ शहरी विकास**

(१) भवन निर्माण अनुमति पत्र लगायत नक्शा पासको अभिलेखलाई डिजिटाइजेशन गर्ने व्यवस्था मिलाइएको छ ।

(२) आधुनिक उपकरणको माध्यमबाट घरको स्ट्रेन्थ, क्र्याक विड्थ र रिवार जस्ता जाँच गरिने व्यवस्था मिलाइएको छ ।

(३) प्रस्तावित जग्गा एकिकरण आयोजनाहरुको सम्भाव्यता अध्ययन, DPR निर्माण गरी आयोजना कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ ।

**६.९.३ खानेपानी, ढल निकास तथा सरसफाई**

(१) स्थानीय समुदायसँग सहकार्य गरेर खानेपानी मुहान संरक्षण कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ ।

(२) के.यु.के.एल. सँगको सहकार्यमा खानेपानी वितरण प्रणालीको नक्शाङ्कन तथा विस्तार गर्ने व्यवस्था मिलाइएको छ।

(३) संघ तथा प्रदेश सरकार र स्थानीय उपभोक्ताको सहकार्यमा नगरक्षेत्रभित्रका बस्तीमा क्रमिक रुपमा ढल निकासको कार्यलाई सञ्चालन गरिनेछ।

(४) टोलसुधार समिति, निजी क्षेत्र र गैह्रसरकारी क्षेत्रसँगको सहकार्यमा स्वच्छ, सफा, हराभरा नगरपालिका निर्माण अभियानलाई निरन्तरता दिइनेछ।

(५) फोहोरमैला व्यवस्थापन कार्यलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न छुट्टै फोहोरमैला व्यवस्थापन कोषको स्थापना गरिनेछ।चाँगुनारायण, शंखरापुर लगायत अन्य नगरपालिकासँग सहकार्य गरी फोहोरमैलाको दीर्घकालीन व्यवस्थापन गर्न पहल गरिनेछ।

पूर्वाधार विकास तर्फ क्रमागतमा रु… वजेट विनियोजन गरिएको छ।

**६.१० गैरसरकारी**

(१) नगर क्षेत्रमा सरकारी निजी तथा गैरसरकारी संस्थाहरूबाट सञ्चालित कार्यक्रममा नगरपालिकाको साझेदारीको लागि समपुरक कोष स्थापना गर्न आवश्यक वजेट व्यबस्था गरिएको छ।

(२) गैससहरूले गरेका कार्यहरूको नियमन तथा समन्वय गर्न गैसस परिचालन सम्बन्धी नगरपालिका स्तरमा समिति गठन गर्ने कानूनी व्यवस्था मिलाउने प्रस्ताव गरिएको छ।

**६.११ स्वास्थ्य**

(१) नेपाल कोरियामैत्री नगरपालिका अस्पतालको आवश्यक पूर्वाधार निर्माणका लागि संघीय तथा प्रदेश सरकारसँग सहकार्यमा कार्य गर्न रु. ४ करोड वजेट व्यवस्था गरिएको छ।

(२) स्वास्थ्य वीमा कार्यक्रम थप प्रभावकारी बनाउन आवश्यक पहल गरिनेछ । साथै घर घरमा गई सबैलाई स्वास्थ्य बिमा गराउन उत्प्रेरित गर्न अभियान सञ्चालनका लागि आवश्यक वजेट व्यवस्था गरिने छ।

(३) साझेदारीमा युवाहरूमा कुलत, धुम्रपान,मध्यपान तथा एच.आई. भी. एड्स यौनजन्य रोग संक्रमण नियन्त्रणका लागि स्वास्थ्य सचेतना कार्यक्रम

(४) एकल महिला, जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरुका लागि निशुल्क विमा कार्यक्रम सञ्चालन गर्ने प्रस्ताव गरेको छु ।

(५) क्यान्सर रोगको विद्यमान अवस्था बारे अध्ययन तथा जनचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने व्यवस्था मिलाइएको छ।

(६) स्वास्थ्य कार्यक्रमको लागि रु. ६ करोड ४४ लाख वजेट विनियोजन गरिएको छ।

**६.१२ विद्युत:**

(१) नगरपालिकाका वडाहरूमा उज्यालो नगर अभियानका लागि नेपाल विद्युत प्राधिकरण र उर्जा मन्त्रालयसँग साझेदारीमा कार्य गर्न रु. ३ करोड ५० लाख विनियोजन गरिएको छ ।

**६.१३ शिक्षा तथा खेलकुद:**

(१) गुणस्तरीय शिक्षा प्रवर्द्धन गर्दै शिक्षामा सवैको पहुँच पुऱ्याउन स्कुल वस लगायतका शैक्षिक कार्यक्रम सञ्चालन गर्न रु. २० लाख विनियोजन गरिएको छ ।

(२) वेरोजगार युवा लक्षित गरेर २४ महिने अप्रटिशिप तालिम सञ्चालन गरिने व्यवस्था मिलाइएको छ ।

(३) नगरपालिका भित्र रहेका सामुदायिक विद्यालयहरुमा स्वच्छ, स्वास्थ्य खानेपानीको आपुर्ति सुनिश्चिता गर्न खानेपानी फिल्टर प्लान्ट जडान गरिनेछ ।

(४) ४०० भन्दा बढी विद्यार्थी रहेका सामुदायिक विद्यालयलाई प्रविधि मैत्री बनाउन प्राविधिक सहयोग तथा कक्षा सुधार कार्यक्रम सञ्चालन गरिनेछ ।

(५) प्रारम्भिक बालबालिका शिक्षालाई विद्यालय शिक्षाको आधार बनाउन प्रत्येक सामुदायिक विद्यालयमा थप एक स्वंमसेवक शिक्षकको व्यवस्था गरिनेछ ।

(६) विद्यालय स्तरीय प्रतियोगिताहरु (हाजिरी जवाफ, वक्तृत्व कला, विज्ञान प्रदर्शनि, सांस्कृतिक प्रतियोगिता आदि )

(७) सरसफाइ युक्त शौचालय बनाउ हाम्रो विद्यालय अभियान निजी क्षेत्रको सहकार्यमा सञ्चालन गरिनेछ ।

(८) आगामी शैक्षिक सत्र २०८१ बाट सबै सामुदायिक विद्यालयमा समान ड्रेस कोड लागु गर्दै आगमी ५वर्ष भित्र नपाभित्रका सबै विद्यालयमा समान ड्रेस कोड लागु गरिनेछ।

(९) शिक्षा क्षेत्रलाई उद्देश्यमुलक र परिणाममुखी बनाउन सन् २०३० सम्मका लागि शिक्षाको रणनिति योजना बनाइनेछ ।

(१०) विश्वविद्यालय, परिषद् लगायतका संस्थासँगको सहकार्यमा प्राविधिक विद्यालय सञ्चालन, प्यारामेडिक्स कोर्स, नर्सिङ कलेज र अन्य प्राविधिक धारका विषय सामुदायिक विद्यालयमा मार्फत अध्यापन गराउने कार्यको सुरुवात गरिनेछ ।

(११) शिक्षा तथा खेलकुद कार्यक्रमको लागि रु. ७ करोड ७ लाख ४१ हजार वजेट विनियोजन गरिएको छ ।

**६.१३.१ युवा रोजगारी**

(१) लक्षित बर्गको आय आर्जन, सीप विकास तथा जिविकोपार्जन तथा तालिमका प्रशिक्षाथीहरुले उत्पादन गरेका सामाग्रीहरुको प्रवर्द्धन तथा मेला आयोजना गर्ने व्यवस्था मिलाइएको छ ।

(२) युवा रोजगारी कार्यक्रमको लागि रु. १३ लाख वजेट विनियोजन गरिएको छ ।

**६.१४ सुशासन तथा संस्थागत विकास**

(१) नगरपालिकाको कामकार्वाहीको सम्बन्धमा जवाफदेहीता प्रवर्द्धन, पारदर्शिता कायम गर्न सार्वजनिक सुनुवाई, समिक्षा गोष्ठी, बुलेटिन प्रकाशनको व्यवस्था गरिएको छ ।

(२) उपभोक्ता समितिको कामकार्वाहीमा प्रभावकारिता ल्याउन समितिका पदाधिकारीहरूलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ।

(३) नियमित सुशासन र संस्थागत विकास सम्बन्धी क्रियाकलाप सञ्चालन गर्न रु. ११ लाख ४० हजार विनियोजन गरिएको छ।

(४) नगरपालिकाको सुशासन तथा उत्तरदायित्व प्रवर्द्धन, सामाजिक परीक्षण, तेश्रो पक्ष मुल्यांकन जस्ता कार्यहरु समेत गर्ने गरी वजेट विनियोजन गरिएको छ।

**६.१५ सूचना प्रविधि सम्बन्धी**

(१) एफ.एम. तथा पत्रपत्रिकाको सञ्चालन ईजाजत तथा नवीकरणको छुट्टै व्यवस्थित मापदण्ड बनाइने छ भने नविकरण कार्यका लागि व्यवस्थित योजना निर्माण गरिनेछ।

(२) नगरपालिकाको सूचना तथा सञ्चार नीति बनाई यस क्षेत्रलाई व्यवस्थित तुल्याइनेछ।

(३) नगरपालिकाको सूचना प्रवाह व्यवस्थित गर्न अनलाईन प्रविधिको विकास गरिनेछ।

(४) सूचना प्रविधि कार्यक्रमको लागि रु. १ करोड ४० लाख वजेट विनियोजन गरिएको छ।

**७. आ.व .२०८०/०८१ का लागि नगरपालिकाले पारितगरेका विशेष प्रस्तावहरू**

उपस्थित आदरणीय महानुभावहरु ,

यस नगरपालिका नियमित श्रोतहरुबाट सम्पन्न हुन नसकिने निम्न लिखित कार्यहरु निर्माण तथा सञ्चालन गरिदिन विशेष प्रस्तावका रुपमा संघीय तथा प्रदेश मन्त्रालय र सम्बन्धित निकायमा लेखी पठाउने प्रस्ताव गरिएको छ।

(१) नगरपालिकाको वडा नं ७, ८ र ९ मनोहरा क्षेत्रमा व्यवस्थित जग्गा एकिकरण आयोजना नगरपालिकाबाट सञ्चालन गर्ने गरी प्रक्रिया अगाडि बढाउन काठमाडौ विकास प्राधिकरण तथा शहरी विकास मन्त्रालयमा अनुरोध गर्ने ।

(२) नगरपालिकाको वडा नं २ मा रहेको खेलकुद मैदानलाई राष्ट्रिय खेलकुद सञ्चालन गर्ने स्तरको रुपमा विकास गर्न नेपाल सरकार युवा तथा खेलकुद मन्त्रालय, खेलकुद परिषद् तथा प्रदेश सामाजिक विकास मन्त्रालयलाई अनुरोध गर्ने ।

(३) दिव्यश्वरी जग्गा एकिकरण आयोजना नगरपालिकाले सञ्चालन गर्ने गरी कार्य अगाडि बढाउन काठमाडौ विकास प्राधिकरण तथा शहरी विकास मन्त्रालयलाई अनुरोध गर्ने ।

(४) यस नगरपालिकाको संगठन संरचनामा वडा सचिव अधिकृत स्तर छैठौँ र लेखा सहायकको पनि दरवन्दी रहेकोले आ.व. २०८०।०८१ देखि वडालाई दिइएको सिलिङ अनुसारको वजेट र कार्यालय सञ्चालन खर्च सम्बन्धित वडाबाटै हुन सुत्र प्रणालीमा अपडेट गर्न महालेखा नियन्त्रक कार्यालयमा अनुरोध गर्ने ।

(५) नगर शिक्षा ऐन, २०७९ को पहिलो संशोधन विधेयक २०८० (अनुसूची १२) लाई स्वीकृत गर्ने निर्णय गरियो।

उपस्थित आदरणीय महानुभावहरु

प्रस्तावित वजेट एवं योजनाको प्रभावकारी कार्यान्वयनको लागि आवश्यक क्षमता विकास, संस्थागत, नीतिगत, कार्यविधिगत सुधारका कार्यहरु गर्न सकिएमा कार्यक्रमहरुको कार्यान्वयनको सुनिश्चितता, पारदर्शिता र उत्तरदायित्वको थप प्रवर्द्धन हुने विश्वास लिएका छौं ।

नगरवासीहरूको गुणस्तरीय सेवा प्रतिको बढ्दो आकांक्षालाई पूरा गर्न हामीले आफूलाई अझ बढी उत्तरदायी, जिम्मेवार र जवाफदेही बनाउदै सरोकारवालाहरू बीचको सहकार्य, समन्वय, सुझाव र सहमति अनुकूल वातावरण स्थापना गरी प्रभावकारी ढंगका साथ साधन परिचालन गरी नगरपालिका जनताको सवभन्दा नजिकको र देखिने सरकार हो भन्ने मान्यतालाई प्रमाणित गरेर देखाउनु पर्ने छ । यसै सन्दर्भमा  आगामि आर्थिक वर्षको नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्दा क्षेत्रगत एवं विषयगत विशेषज्ञता रहेका विषयगत शाखा निजी क्षेत्र तथा सहकारीहरूलाई जिम्मेवारी र उत्तरदायित्व सुम्पी अपनत्व वृद्धि गर्न प्रारम्भ देखिनै सहभागी गराई एकिकृत वजेट तथा कार्यक्रम प्रस्तुत गरिएको छ।

यो प्रयासलाई सार्थक तुल्याउन सहयोग पुऱ्याउनु हुने सवै नेपाल सरकार, प्रदेश सरकारका विषयगत निकायका प्रमुखज्यूहरू, राजनीतिक दलका पदाधिकारीज्यूहरू, नगरपालिकाको सभाका सदस्यहरूको मार्गदर्शन हाम्रा लागि महत्वपूर्ण रहेको व्यहोरा अनुरोध गर्दै यस कार्यमा सहयोग गर्नु हुने सम्पूर्ण राष्ट्रसेवक, गैसस, नागरिक समाज, सञ्चारकर्मी एवं अन्य जनप्रतिनिधि र सरोकारवाला सवै निकाय तथा व्यक्तिहरूप्रति हार्दिक धन्यवाद दिन चाहन्छु ।
अन्त्यमा, सभामा प्रस्तुत नगरपालिकाको वजेट, नीति तथा कार्यक्रमलाई सफल र प्रभावकारी रुपमा कार्यान्वयन गर्न सम्वद्ध सवै पक्षबाट सदा झैं निरन्तर सहयोगको अपेक्षा गर्दै वार्षिक वजेट, नीति तथा कार्यक्रम तर्जुमा कार्यमा सक्रिय एवं रचनात्मक सहयोग पुऱ्याउने वस्ती तथा वडास्तरका सम्पूर्ण नगरवासीहरू, विभिन्न विषयगत कार्यालयका प्रमुख तथा प्रतिनिधिहरु, नगरपालिका परिवार र यो गरिमामय सभामा उपस्थित सवै विशिष्ट महानुभावहरूलाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

धन्यवाद् ।
मिति २०८० असार १० गते